# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस-विज्ञप्ति

१ जेठ, २०७७

## बजेट निर्माणमा मानव अधिकारमुखी पद्धति अवलम्बन गर्न आग्रह ।

विश्वव्यापी रुपमा फैलिरहेको कोभिड-१९ को प्रभावबाट यस वर्ष मानव अधिकारका आधारभूत विषयहरुमा संकुचन आउने अवस्था आयोगको अनुगमनबाट देखिएको छ । अतः नेपाल सरकारले आगामी आर्थिक वर्ष २०७७/७८ को बजेट निर्माण गर्दा देहायबमोजिम मानव अधिकारका आधारभूत विषयहरुलाई प्राथमिकतामा राख्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

- नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हकलाई सुनिश्चित गर्न स्वास्थ्यको अधिकार, रोजगारीको अधिकार, किसानको अधिकार, भरपर्दो विपद् व्यवस्थापन तथा नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ का साथै दिगो विकास लक्ष्य हासिल गर्ने राज्यको दायित्व पूरा गर्न,
- कृषि कार्यका लागि मल, बिऊ, कृषि उपकरण, कृषि उत्पादन, भण्डारण र बजारीकरण तथा सिँचाइको उचित प्रबन्ध मिलाउन,
- बेरोजगारी समस्या समाधानका साथै वैदेशिक रोजगारबाट विमुख भै फर्किने नेपाली श्रमिकहरुको रोजगारीको सुनिश्चितताको लागि निश्चित कार्यक्रमहरु तय गर्न,
- सबै सरकारी निकायबाट प्रवाह हुने सेवा तथा कार्यक्रमलाई महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसंख्यक, सीमान्तकृत, वञ्चितीकरणमा परेका र पछाडि पारिएका समुदायको जीवनस्तरमा सुधार आउने गरी मानव अधिकारमुखी पद्धतिबाट लागू गर्न,
- संघ, प्रदेश र स्थानीय तहहरु बीच भरपर्दो समन्वय कायम गरी प्रदेशहरुमा कम्तिमा १००० शैया र प्रत्येक स्थानीय तहमा कम्तिमा १०० शैयाको सुविधासम्पन्न अस्पतालहरु निर्माण गर्न तथा स्वास्थ्य उपचारको लागि आवश्यक स्वास्थ्य सामग्री र चिकित्सकहरु रहने व्यवस्था मिलाउन,
- सबै तहका राष्ट्रसेवकहरुलाई मानव अधिकारसम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउन,
- मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा तथा मानव अधिकार सम्बन्धी सन्धिजनित समितिहरुबाट नेपाल सरकारलाई गरिएका सिफारिसहरुको समयवद्ध रुपमा कार्यान्वयन गर्ने आवश्यक व्यवस्था मिलाउन ।

.............................
वेद भट्टराई
सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org